# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ४६) काठमाडौं, असार २४ गते २०५३ साल (संख्या १३

## भाग ३

श्री ५ को सरकार

### सूचना तथा संचार मन्त्रालयको

### सूचना १

### धनादेश (दोस्रो संशोधन) नियमावली, २०५३

धनादेश नियमावली, २०३१ लाई संशोधन गर्न वान्छनीय भएकोले,

हुलाक ऐन, २०१९ को दफा ३७ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायका नियमहरू बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यी नियमहरूको नाम "धनादेश (दोस्रो संशोधन) नियमावली २०५३" रहेको छ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. धनादेश नियमावली, २०३१ को नियम २ ख. मा संशोधनः धनादेश नियमावली, २०३१ को नियम २ख. को उपनियम (३) को सट्टा देहायको उपनियम (३) राखिएको छः–

"(३) उपनियम (२) बमोजिमको कोषको केन्द्रीय खाताको संचालन केन्द्रीय धनादेश कार्यालयको प्रमुख र सोही कार्यालयको वरिष्ठ अधिकृतको संयुक्त दस्तखतबाट हुनेछ ।"

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## सूचना २

### हुलाक बचत बैंक (दोस्रो संशोधन) नियमावली, २०५३

हुलाक बचत बैंक नियमावली, २०३३ लाई संशोधन गर्न वान्छनीय भएकोले, हुलाक ऐन, २०१९ को दफा ४२ (ख) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायका नियमहरू बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ: (१) यी नियमहरूको नाम "हुलाक बचत बैंक दोस्रो संशोधन नियमावली, २०५३" रहेको छ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. हुलाक बचत बैंक नियमावली, २०३३ को नियम ३ (क) मा संशोधन: हुलाक बचत बैंक नियमावली, २०३३ (यसपछि 'मूल नियमावली' भनिएको) को नियम ३ (क) को उपनियम (२) को खण्ड (क) मा रहेका "संचार मन्त्रालय" भन्ने शब्दहरूको सट्टा "सूचना तथा संचार मन्त्रालय" भन्ने शब्दहरू राखिएका छन् ।

३. मूल नियमावलीको नियम १० मा संशोधन: मूल नियमावलीको नियम १० को उपनियम ७ झिकिएको छ ।

४. मूल नियमावलीको नियम १३ मा संशोधन: मूल नियमावलीको नियम १३ को,–

(१) उपनियम (३) मा रहेका "निजले प्रत्येक वर्षको हिसाबको विवरणको निमित्त एक रुपैयाँको दरले दस्तूर साथ" भन्ने शब्दहरू झिकिएका छन् ।

(२) उपनियम (४) झिकिएको छ ।

५. मूल नियमावलीको नियम १५ मा संशोधन: मूल नियमावलीको नियम १५ को,–

(१) उपनियम (१) को सट्टा देहायको उपनियम (१) राखिएको छ:–

"(१) बैंकमा मौज्दात रहेको रकममा दिइने ब्याजदर र ब्याज दिने प्रक्रिया समितिको सिफारिशमा सूचना तथा संचार मन्त्रालयले तोकिदिए बमोजिम हुनेछ । यसरी तोकिएको ब्याजदरको जानकारी सो मन्त्रालयले नेपाल राष्ट्र बैंकलाई दिई सर्वसाधारणको जानकारीको लागि नेपाल अधिराज्यबाट प्रकाशित हुने प्रमुख पत्रपत्रिकामा प्रकाशन गर्नुपर्नेछ ।

(२) उपनियम (२) र (३) झिकिएका छन् ।

६. मूल नियमावलीको नियम १७ मा संशोधन: मूल नियमावलीको नियम १७ मा रहेका "श्री ५ को सरकार संचार मन्त्रालय" भन्ने शब्दहरूको सट्टा "सूचना तथा संचार मन्त्रालय" भन्ने शब्दहरू राखिएका छन् ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

७. मूल नियमावलीमा नियम २० थप: मूल नियमावलीको नियम १९ पछि देहायको नियम २० थपिएको छः–

"(२०) निर्देशिका बनाउन सक्ने: (१) ऐन र यस नियमावलीको व्यवस्थाको अधिनमा रही हुलाक बचत बैंकको सम्बन्धमा हुलाक सेवा विभागले निर्देशिका बनाउन सक्नेछ ।

(२) उपनियम (१) बमोजिम बनाइएको निर्देशिकाको पालन गर्नु बैंकको कर्तव्य हुनेछ ।"

आज्ञाले,
भोजराज पोखरेल
श्री ५ को सरकारको सचिव

श्री ५ को सरकार

## आवास तथा भौतिक योजना मन्त्रालयको

## सूचना १

श्री ५ को सरकारले खण्ड ४५, संख्या ३९ मिति २०५२।१०।१ को नेपाल राजपत्र भाग ३ मा प्रकाशित यस मन्त्रालयको सूचनाबमोजिम गठित अधिकार सम्पन्न बागमती क्षेत्र ढल निर्माण सुधार आयोजना कार्यान्वयन तथा अनुगमन समितिको काम, कर्तव्य तथा अन्य व्यवस्थामा देहायबमोजिम हेरफेर तथा थप गरेको छ ।

१. दफा १ पछि देहायको दफा १ क. थपिएको छः–

"१ क. समितिको उद्देश्यः– शिवपुरी जलाधारदेखि चोभारसम्म बागमती नदीलाई स्वच्छ र सफा राख्न, बागमती नदीमा कुनै प्रकारको दूषित (तरल वा ठोस) पदार्थ मिसिन नपाउने र कुनै तरल पदार्थ मिसाउनै परेमा पनि प्रशोधन गरेर मात्र मिसाउन पाउने व्यवस्था गर्नको निमित्त नदी किनारामा ढल निर्माण गर्ने, फोहर पानी प्रशोधन केन्द्रहरुको निर्माण, सञ्चालन तथा सम्भार गर्ने, नदी कटान नियन्त्रण गर्न तटबन्ध निर्माण गर्ने, नदी किनारामा आवश्यकता अनुसार सडक निर्मा वृक्षरोपण गर्ने समितिको मूल उद्देश्य रहेको छ ।"

२. दफा २ मा संशोधनः दफा २ को खण्ड (२५) को सट्टा देहायको खण्ड (२५) राखिएको छः–

"(२५) श्री ५ को सरकार, आवास तथा भौतिक योजना मन्त्रालयले तोकेको अधिकृत– सदस्य सचिव"



276

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

३. दफा ३ मा संशोधनः दफा ३ को,

(१) उपदफा (१) को खण्ड (क), (ख), (ग) र (घ) को सट्टा देहायका खण्ड (क), (ख), (ग) र (घ) राखिएका छन्:–

"(क) समितिको उद्देश्य पूर्तिको लागि आवश्यक पर्ने विषयमा सबै किसिमका अध्ययन गरी योजना तर्जुमा गर्ने ।

(ख) उद्देश्य अनुरुपका कार्यहरूको कार्यान्वयन, निरीक्षण, अनुगमन, मूल्याङ्कन, निर्देशन र समन्वय गर्ने ।

(ग) विभिन्न मन्त्रालय तथा निकायसँग प्राविधिक सहयोग लिने ।

(घ) ढल निर्माण तथा अन्य कामको लागि आवश्यक जग्गा प्राप्त गर्ने ।

(२) उपदफा (१) को खण्ड (छ) मा रहेको "समितिले" भन्ने शब्द झिकिएको छ ।

(३) उपदफा (१) को खण्ड (झ) को सट्टा देहायको खण्ड (झ) राखिएको छः–

"(झ) समितिको लागि आवश्यक कर्मचारीको दरबन्दी स्वीकृत गर्ने ।"

(४) उपदफा (२) को खण्ड (च) पछि देहायका खण्ड (छ), (ज), (झ) र (ञ) थपिएका छन्:–

"(छ) जग्गा अधिग्रहण ऐन, २०१४ र जग्गा प्राप्ति ऐन, २०३४ बमोजिम जग्गा प्राप्त गर्ने सम्बन्धमा प्रारम्भिक कारवाहीदेखि अन्तिमसम्मको अधिकार ।

(ज) समितिलाई आवश्यक पर्ने कर्मचारीहरू श्री ५ को सरकार, आवास तथा भौतिक योजना मन्त्रालयमार्फत काजमा झिकाउने । श्री ५ को सरकार-बाट कर्मचारी उपलब्ध हुन नसकेमा आवश्यक कर्मचारीहरू अस्थायी नियुक्ति गर्ने वा करार सेवामा लिने । पशुपति क्षेत्र वातावरण सुधार कार्यान्वयन तथा अनुगमन समितिमा काजमा खटिएका कर्मचारीहरूलाई काज फिर्ता नभएसम्म समितिको काममा लगाउने ।

(झ) समितिको लागि कुनै स्वदेशी तथा विदेशी प्राविधिक वा विशेषज्ञको सेवा लिनु परेमा सो लिने । विदेशी प्राविधिक वा विशेषज्ञको सेवा लिदा श्री ५ को सरकारको पूर्व स्वीकृति लिने ।

(ञ) समितिमा काजमा खटिएका कुनै कर्मचारीलाई काज फिर्ता गर्ने र सो कर्म-चारीको ठाउँमा अन्य कर्मचारीलाई काजमा झिकाउने ।"

४. दफा ४ पछि देहायको दफा (४क), (४ख), (४ग), (४घ), (४ङ), (४च), र (४छ) थपिएका छन् :–



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

"४क. कार्य सम्पन्न गर्ने:– समितिले आफ्नो कार्य देहायका चरणमा सम्पन्न गर्नेछः–

(क) प्रथम चरणमा गर्ने कामः–

१. गोकर्णदेखि ताम्रगंगा बागमतीको उत्तर छेउसम्म र मित्रपार्कदेखि ताम्रगंगा नजीक बागमतीको उत्तर किनारसम्म ढल बनाउने ठाउँ रेखांकन गरी आवश्यक जग्गा छुट्याउने । आवश्यक परे जग्गा प्राप्त गर्ने । जग्गा रेखांकन गर्दा यथाशक्य २०२२ सालको नापीलाई आधार बनाउने ।

२. ताम्रगंगादेखि तिलगंगासम्म खुल्ला वा सुरुङ्ग खनी ढल बिछ्याउने काम सम्पन्न गर्ने । नक्सा रेखांकन गर्दा यथाशक्य २०२१।०२२ सालको नापीलाई आधार बनाउने ।

(ख) दोश्रो चरणमा गर्ने कामः–

१. गोकर्ण र मित्रपार्कदेखि ताम्रगंगा नजीक बागमतीको उत्तर किनारसम्म ढल निर्माण गर्ने ।

२. ताम्रगंगा नजीक बागमतीमा क्रसिंग ढल निर्माण गर्ने ।

३. ताम्रगंगा नजीक बागमती उत्तर किनाराको उपयुक्त ठाउँमा प्रशोधन केन्द्र निर्माण गर्ने ।

(ग) तेस्रो र चौथो चरणमा गर्ने कामः–

तिलगंगादेखि चोभारसम्मका प्रायः सबै क्षेत्रमा नदीको दुवै किनारमा ढल निर्माण गर्नुपर्ने भएको र बागमती, रुद्रमती, विष्णुमती र इच्छुमतीलगायत अन्य नदी-नालाहरूबाट बग्ने पानीले उक्त निर्माण कार्यसँग सम्बन्धित डिजाइनलाई प्रत्यक्ष असर पार्ने हुनाले यी नदीनालाको वरपर व्यापक योजनाको तर्जुमा भैरहेको हुँदा सो योजना तयार भएपछि उक्त निर्माण कार्य शुरू गर्ने ।

(४)ख. सहयोग गर्नु पर्ने:– (१) समितिले श्री ५ को सरकारसँग प्राविधिक सहयोग र सल्लाह लिंदा ढल र प्रशोधन केन्द्र सम्बन्धी काममा आवास तथा भौतिक योजना मन्त्रालय, तटबन्धसम्बन्धी काममा जलस्रोत मन्त्रालय, बाटो निर्माणसम्बन्धी काम र यन्त्रसम्बन्धी विषयमा निर्माण तथा यातायात मन्त्रालय, हरित क्षेत्र बनाउने र वृक्षरोपण गर्ने काममा बन तथा भू-संरक्षण मन्त्रालय र जग्गा जमिनसम्बन्धी विषयमा भूमिसुधार तथा व्यवस्था मन्त्रालयसँग लिनुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम समितिले कुनै मन्त्रालयसंग सहयोग र सल्लाह माग गरेमा समितिलाई सबै मन्त्रालयले आवश्यक सहयोग गर्नु पर्नेछ ।

४ग. कार्यक्रम स्वीकृत गराउने:– समितिको कार्यक्षेत्रमा पर्ने सबै योजनाको स्वीकृति श्री ५ को सरकार, आवास तथा भौतिक योजना मन्त्रालयबाट र वार्षिक कार्यक्रमको स्वीकृति राष्ट्रिय योजना आयोगबाट गराउनुपर्नेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

४घ. समितिको कोषः– (१) समितिको एउटा छुट्टै कोष हुनेछ र सो कोषमा देहाय बमोजिम रकमहरू रहनेछन् ।

(क) श्री ५ को सरकारबाट प्राप्त रकम,

(ख) श्री ५ को सरकारबाट स्वीकृत लिई स्वदेशी वा विदेशी संघ-संस्था आदिबाट अनुदान स्वरूप प्राप्त रकम,

(ग) समितिलाई चन्दा सहयोग स्वरूप प्राप्त रकम,

(घ) अन्य स्रोतबाट प्राप्त रकम,

(ङ) शीर्षक नं. ८-३-१८ पशुपति क्षेत्र ढल निर्माण आयोजनामा विनियोजित रकम ।

(२) समितिको तर्फबाट हुने सम्पूर्ण खर्च उपदफा (१) बमोजिमको कोषबाट व्यहोरिनेछ ।

४ङ. लेखापरीक्षणः– समितिको आय-व्ययको लेखापरीक्षण महालेखा परीक्षकको विभागबाट हुनेछ ।

४च. बैठक भत्ताः– समितिको बैठकमा भाग लिए बापत अध्यक्षले पाँचसय रुपैयाँ र सदस्यले तीनसय रुपैयाँ बैठक भत्ता पाउनेछ ।

४छ. कर्मचारीको नियुक्तिः– समितिको अध्यक्षको निमित्त अध्यक्षले चाहेको अवधिसम्म बहाल रहने गरी निम्न श्रेणी तथा पदका कर्मचारी नियुक्ति गर्न सकिनेछ ।

निजी सचिव (रा. प. तृ) – १

कम्प्यूटर अपरेटर (रा. प. अनं. प्र. प्रा.) – १

## सूचना २

नेपाल खानेपानी संस्थान ऐन, २०४६ को दफा ८ को उपदफा ८.३ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले नेपाल खानेपानी संस्थानको संचालक समितिमा देहायका सदस्यहरू राखी हेरफेर गरेको छ ।

१ श्री नन्द अमात्य, काठमाडौं –सदस्य

२. श्री योगेन्द्रकुमार श्रेष्ठ, नक्साल भगवती स्थान –सदस्य

३. श्री शंकर सुवेदी, विराटनगर –सदस्य

४. श्री कमल जोशी, सानेपा, ललितपुर –सदस्य

५. श्री मिरा अर्याल, डिल्लीबजार, काठमाडौं –सदस्य

आज्ञाले,

डी. बी. भट्टराई

श्री ५ को सरकारको सचिव

२५० 



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

# भाग ४

श्री ५ को सरकार

## मन्त्रिपरिषद् सचिवालयको सूचना

कानून तथा न्याय मन्त्रालयका सचिव श्री सुरेसमान श्रेष्ठ घर बिदामा बस्नु भएकोले उहाँ फर्की हाजिर नभएसम्मका लागि सो सचिव पदमा निजामती सेवा नियमावली, २०५० को नियम ४३ को उप-नियम (१) को खण्ड (क) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले सोही मन्त्रालयका सह-सचिव श्री विनोद कुमार देवकोटालाई मिति २०५३।३।९ गतेदेखि कायम मुकायम मुकरर गरेको छ ।

आज्ञाले,

बलरामसिंह मल्ल

श्री ५ को सरकारको सचिव

श्री ५ को सरकार

## कानून तथा न्याय मन्त्रालयको

### सूचना १

श्री ५ को सरकारको मिति २०५३।२।३ को निर्णयानुसार नेपाल न्याय सेवा, न्याय समूह, राजपत्राङ्कित द्वितीय श्रेणी, पुनरावेदन अदालत, हेटौंडाका वरिष्ठ ईजलास सहायक श्री पद्मलाल चौधरीको सेवा अवधि मिति २०५३।२।३ मा ३० वर्ष पूरा हुने भएकोले निजामती सेवा नियमावली, २०५० को नियम १०४ बमोजिम मिति २०५३।२।४ देखि दुई वर्ष सेवा अवधि थप गरिएको छ ।

### सूचना २

श्री ५ को सरकारको मिति २०५३।२।१६ को निर्णयानुसार नेपाल न्याय सेवा, न्याय समूहका राजपत्राङ्कित द्वितीय श्रेणीका देहायका अधिकृतहरूलाई देहायबमोजिम सरुवा गरिएको छ ।

| क्र.सं. | नाम, थर | साबिक पद र कार्यालय | हाल सरुवा भएको पद र कार्यालय |
|---|---|---|---|
| १. | श्री भवानीदत्त चटौत | वरिष्ठ इजलास सहायक, पुनरावेदन अदालत, दिपायल । | उप-रजिष्ट्रार, पुनरावेदन अदालत, महेन्द्रनगर । |
| २. | श्री रामकृष्ण भट्ट | वरिष्ठ इजलास सहायक, पुनरावेदन अदालत, दिपायल । | उप-रजिष्ट्रार, पुनरावेदन अदालत, महेन्द्रनगर । |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | | |
|---|---|---|
| ३. श्री नारायणप्रसाद धिताल | वरिष्ठ इजलास सहायक, पुनरावेदन अदालत, नेपालगंज। | उप-रजिष्ट्रार, पुनरावेदन अदालत, तुल्सीपुर । |
| ४. श्री रामप्रसाद अधिकारी | वरिष्ठ इजलास सहायक, पुनरावेदन अदालत, हेटौंडा। | इजलास सहायक, सर्वोच्च अदालत। |
| ५. श्री गुणराज ढुंगेल | वरिष्ठ इजलास सहायक, पुनरावेदन अदालत, पाटन। | इजलास सहायक, सर्वोच्च अदालत। |
| ६. श्री मेघनाथ भट्टराई | अनुसन्धान अधिकृत, सर्वोच्च अदालत। | उप-रजिष्ट्रार, पुनरावेदन अदालत, जुम्ला। |
| ७. श्री भूपेन्द्रप्रसाद राई | वरिष्ठ इजलास सहायक, पुनरावेदन अदालत, विराटनगर। | उप-रजिष्ट्रार, पुनरावेदन अदालत, बाग्लुङ । |
| ८. श्री यादव घिमिरे | ईजलास सहायक, सर्वोच्च अदालत। | वरिष्ठ इजलास सहायक, पुनरावेदन अदालत, विराटगनर। |
| ९. श्री शालीग्राम कोईराला | इजलास सहायक, सर्वोच्च अदालत। | वरिष्ठ इजलास सहायक पुनरावेदन अदालत, पाटन |
| १०. श्री डिल्लीराज आचार्य | वरिष्ठ इजलास सहायक, पुनरावेदन अदालत, नेपालगञ्ज। | उप-रजिष्ट्रार, पुनरावेदन अदालत, जुम्ला। |
| ११. श्री चिन्तामणि बराल | इजलास सहायक, सर्वोच्च अदालत। | उप-रजिष्ट्रार, पुनरावेदन अदालत, बाग्लुङ। |
| १२. श्री देवराज श्रेष्ठ | वरिष्ठ इजलास सहायक, पुनरावेदन अदालत, विराटनगर। | उप-रजिष्ट्रार, पुनरावेदन अदालत, धनकुटा। |
| १३. श्री दुर्गाप्रसाद पराजुली | वरिष्ठ इजलास सहायक, पुनरावेदन अदालत, राजविराज। | उप-रजिष्ट्रार, पुनरावेदन अदालत, विराटनगर। |
| १४. श्री भिमकुमार ओझा | उप-रजिष्ट्रार, पुनरावेदन अदालत ईलाम। | उप-रजिष्ट्रार, पुनरावेदन अदालत, धनकुटा । |

## सूचना ३

श्री ५ को सरकारको मिति २०५३।२।१६ को निर्णयानुसार नेपाल न्याय सेवा, न्याय समूहका राजपत्राङ्कित तृतीय श्रेणीका देहायका अधिकृतहरूलाई देहायबमोजिम सरुवा गरिएको छ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| क.सं. | नाम, थर | साविक पद र कार्यालय | हाल सरुवा भएको पद र कार्यालय |
|---|---|---|---|
| १. | श्री पुनाराम खनाल | इजलास सहायक, पुनरावेदन अदालत, बुटवल। | इजलास सहायक, पुनरावेदन अदालत, महेन्द्रनगर। |
| २. | श्री ईश्वरीप्रसाद गौतम | इजलास सहायक, पुनरावेदन अदालत, राजविराज। | इजलास सहायक, पुनरावेदन अदालत, पाटन। |
| ३. | श्री यज्ञप्रसाद पोखरेल | इजलास सहायक, पुनरावेदन अदालत, पाटन। | इजलास सहायक, पुनरावेदन अदालत, तुल्सीपुर। |
| ४. | श्री नारायणप्रसाद शर्मा | शाखा अधिकृत, पुनरावेदन अदालत, बुटवल। | इजलास सहायक, पुनरावेदन अदालत, नेपालगञ्ज। |
| ५. | श्री रामेश्वर रेग्मी | इजलास सहायक, पुनरावेदन अदालत, नेपालगञ्ज। | इजलास सहायक, पुनरावेदन अदालत, पाटन। |
| ६. | श्री कृष्णप्रसाद पौडेल | शाखा अधिकृत, पुनरावेदन अदालत, दिपायल, मुकाम कैलाली | इजलास सहायक, पुनरावेदन अदालत, बाग्लुङ। |
| ७. | श्री भीमकुमार श्रेष्ठ | शाखा अधिकृत, पुनरावेदन अदालत, पोखरा। | इजलास सहायक, पुनरावेदन अदालत, बाग्लुङ। |
| ८. | श्री भरत लम्साल | इजलास सहायक, पुनरावेदन अदालत, नेपालगञ्ज। | इजलास सहायक, पुनरावेदन अदालत, जुम्ला। |
| ९. | श्री लिलाराज अधिकारी | शाखा अधिकृत, पुनरावेदन अदालत, नेपालगञ्ज। | इजलास सहायक, पुनरावेदन अदालत, तुल्सीपुर। |
| १०. | श्री रामप्रसाद शर्मा | शाखा अधिकृत, पुनरावेदन अदालत, पाटन। | निजी सहायक, पुनरावेदन अदालत, बाग्लुङ। |
| ११. | श्री दण्डपाणि शर्मा | इजलास सहायक पुनरावेदन अदालत, जनकपुर। | शाखा अधिकृत, पुनरावेदन अदालत, बाग्लुङ। |
| १२. | श्री रिलेन्द्र थापा | इजलास सहायक, पुनरावेदन अदालत, सुर्खेत। | इजलास सहायक, पुनरावेदन अदालत, जुम्ला। |
| १३. | श्री रमेशकान्त अधिकारी | इजलास सहायक, पुनरावेदन अदालत, पाटन। | इजलास सहायक, पुरानवेदन अदालत, बाग्लुङ। |
| १४. | श्री उमेश कोइराला | शाखा अधिकृत, पुनरावेदन अदालत, जनकपुर। | शाखा अधिकृत, पुनरावेदन अदालत, विराटनगर। |
| १५. | श्री गिरीराज सापकोटा | शाखा अधिकृत, पुनरावेदन अदालत, इलाम। | इजलास सहायक, पुनरावेदन अदालत, धनकुटा। |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | | |
|---|---|---|
| १६. श्री सुभाषबाबु पुरी | शाखा अधिकृत, पुनरावेदन अदालत, राजविराज । | इजलास सहायक, पुनरावेदन अदालत, धनकुटा । |
| १७. श्री किशोर घिमिरे | इजलास सहायक, पुनरावेदन अदालत, विराटनगर । | शाखा अधिकृत, पुनरावेदन अदालत, धनकुटा। |
| १८. श्री राजेन्द्र अधिकारी | शाखा अधिकृत, पुनरावेदन अदालत, विराटनगर । | शाखा अधिकृत, पुनरावेदन अदालत, धनकुटा । |
| १९. श्री परशुराम भट्टराई | शाखा अधिकृत, पुनरावेदन अदालत, जनकपुर । | निजी सहायक, पुनरावेदन अदालत, धनकुटा । |

## सूचना ४

श्री ५ को सरकारको मिति २०५३।२।१६ को निर्णयानुसार नेपाल न्याय सेवा सरकारी वकिल समूहका राजपत्रांकित द्वितीय श्रेणीका देहायका अधिकृतहरूलाई देहायबमोजिम सरुवा गरिएको छ ।

| क्र.सं. | नाम, थर | साबिक पद र कार्यालय | हाल सरुवा भएको पद र कार्यालय |
|---|---|---|---|
| १. | श्री सरोजप्रसाद गौतम | जिल्ला सरकारी अधिवक्ता, जिल्ला सरकारी वकिल कार्यालय, नुवाकोट । | उप-सरकारी अधिवक्ता, पुनरावेदन सरकारी वकिल कार्यालय, बाग्लुङ । |
| २. | श्री प्रेमराज ढकाल | जिल्ला सरकारी अधिवक्ता जिल्ला सरकारी वकिल कार्यालय, सर्लाही, | उप-सरकारी अधिवक्ता पुनरावेदन सरकारी वकिल कार्यालय, विराटनगर । |
| ३. | श्री पवनकुमार शर्मा | जिल्ला सरकारी अधिवक्ता, जिल्ला सरकारी वकिल कार्यालय, बारा । | उप-सरकारी अधिवक्ता, महान्यायाधिवक्ताको कार्यालय । |
| ४. | श्री चण्डीराज ढकाल | उप-सरकारी अधिवक्ता, पुनरावेदन सरकारी वकिल कार्यालय, पाटन । | उप-सरकारी अधिवक्ता, पुनरावेदन सरकारी वकिल कार्यालय, जनकपुर । |
| ५. | श्री रामकृष्ण खनाल | जिल्ला सरकारी अधिवक्ता, जिल्ला सरकारी वकिल कार्यालय, रौतहट । | उप-सरकारी अधिवक्ता, पुनरावेदन सरकारी वकिल कार्यालय, सुर्खेत । |
| ६. | श्री रमेशकुमार पोखरेल | जिल्ला सरकारी अधिवक्ता, जिल्ला सरकारी वकिल कार्यालय, महोत्तरी | उप-सरकारी अधिवक्ता, पुनरावेदन सरकारी वकिल कार्यालय, इलाम । |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | | |
|---|---|---|
| ७. श्री ऋषिराम दवाडी | जिल्ला सरकारी अधिवक्ता, पुनरावेदन सरकारी वकिल कार्यालय, पोखरा । | उप-सरकारी अधिवक्ता, पुनरावेदन सरकारी वकिल कार्यालय, महेन्द्रनगर । |
| ८. श्री मोहनबहादुर कार्की | जिल्ला सरकारी अधिवक्ता, जिल्ला सरकारी वकिल कार्यालय, नवलपरासी । | जिल्ला सरकारी अधिवक्ता, जिल्ला सरकारी वकिल कार्यालय, सुनसरी । |
| ९. श्री महमद जुनेद आजाद | जिल्ला सरकारी अधिवक्ता, जिल्ला सरकारी वकिल कार्यालय,कैलाली । | जिल्ला सरकारी अधिवक्ता, जिल्ला सरकारी वकिल कार्यालय, पर्सा । |
| १०. श्री रमेशकुमार खत्री | उप-सरकारी अधिवक्ता, महान्यायाधिवक्ताको कार्यालय । | जिल्ला सरकारी अधिवक्ता, जिल्ला सरकारी वकिल कार्यालय, बारा । |
| ११. श्री बद्रीप्रसाद गौतम | जिल्ला सरकारी अधिवक्ता, जिल्ला सरकारी वकिल कार्यालय, पाल्पा । | उप-सरकारी अधिवक्ता, पुनरावेदन सरकारी वकिल कार्यालय, बुटवल । |
| १२. श्री राजेन्द्रकुमार पोखरेल | जिल्ला सरकारी अधिवक्ता, जिल्ला सरकारी वकिल कार्यालय, झापा । | जिल्ला सरकारी अधिवक्ता, पुनरावेदन सरकारी वकिल कार्यालय, जनकपुर । |
| १३ श्री राजनारायण पाठक | जिल्ला सरकारी अधिवक्ता, पुनरावेदन सरकारी वकिल कार्यालय, जनकपुर । | उप-सरकारी अधिवक्ता, पुनरावेदन सरकारी वकिल कार्यालय, पाटन । |
| १४. श्री बलराम शर्मा | जिल्ला सरकारी अधिवक्ता, पुनरावेदन सरकारी वकिल कार्यालय, नेपालगञ्ज । | उप-सरकारी अधिवक्ता, पुनरावेदन सरकारी वकिल कार्यालय, तुल्सीपुर । |
| १५. श्री लक्ष्मीराम ढुंगाना | जिल्ला सरकारी अधिवक्ता, जिल्ला सरकारी वकिल, कार्यालय ,बर्दिया । | जिल्ला सरकारी अधिवक्ता, जिल्ला सरकारी वकिल कार्यालय, नवलपरासी । |
| १६. श्री धनसिंह महरा | जिल्ला सरकारी अधिवक्ता, जिल्ला सरकारी वकिल, कार्यालय, सुनसरी । | जिल्ला सरकारी अधिवक्ता, पुनरावेदन सरकारी वकिल कार्यालय, नेपालगन्ज । |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | | |
|---|---|---|
| १७. श्री खिलनाथ रेग्मी | जिल्ला सरकारी अधिवक्ता, जिल्ला सरकारी वकिल कार्यालय, तनहुँ । | जिल्ला सरकारी अधिवक्ता, जिल्ला सरकारी वकिल कार्यालय, महोत्तरी । |
| १८. श्री मुरारीप्रसाद पौडेल | जिल्ला सरकारी अधिवक्ता, जिल्ला सरकारी वकिल कार्यालय, उदयपुर । | जिल्ला सरकारी अधिवक्ता, जिल्ला सरकारी वकिल कार्यालय, बर्दिया । |
| १९. श्री ठाकुरप्रसाद शर्मा | जिल्ला सरकारी अधिवक्ता, जिल्ला सरकारी वकिल कार्यालय, गोरखा । | उप-सरकारी अधिवक्ता, पुनरावेदन सरकारी वकिल कार्यालय, हेटौंडा । |
| २०. श्री भानुभक्त कापले | जिल्ला सरकारी अधिवक्ता, जिल्ला सरकारी वकिल कार्यालय, सिन्धुली । | जिल्ला सरकारी अधिवक्ता जिल्ला सरकारी वकिल कार्यालय, उदयपुर । |
| २१. श्री हिरेन्द्रप्रसाद श्रेष्ठ | जिल्ला सरकारी अधिवक्ता, पुनरावेदन सरकारी वकिल कार्यालय, बिराटनगर । | उप-सरकारी अधिवक्ता, पुनरावेदन सरकारी वकिल कार्यालय, पाटन । |
| २२. श्री श्रीधर सापकोटा | जिल्ला सरकारी अधिवक्ता, जिल्ला सरकारी वकिल कार्यालय, धादिङ । | जिल्ला सरकारी अधिवक्ता, जिल्ला सरकारी वकिल कार्यालय, झापा । |
| २३. श्री समीर सिलवाल | जिल्ला सरकारी अधिवक्ता, जिल्ला सरकारी वकिल कार्यालय, सिराहा । | उप-सरकारी अधिवक्ता, महान्यायाधिवक्ताको कार्यालय । |
| २४. श्री डिल्लीरमण आचार्य | उप-सरकारी अधिवक्ता, पुनरावेदन सरकारी वकिल कार्यालय, इलाम । | जिल्ला सरकारी अधिवक्ता, जिल्ला सरकारी वकिल कार्यालय, सर्लाही । |
| २५. श्री अजयराज उपाध्याय | जिल्ला सरकारी अधिवक्ता, पुनरावेदन सरकारी वकिल कार्यालय, इलाम । | उप-सरकारी अधिवक्ता, महान्यायाधिवक्ताको कार्यालय । |
| २६. श्री मेदिनीप्रसाद पौडेल | उप-सरकारी अधिवक्ता, पुनरावेदन सरकारी वकिल कार्यालय, विराटनगर । | जिल्ला सरकारी अधिवक्ता, जिल्ला सरकारी वकिल कार्यालय, सिराहा । |
| २७. श्री नागेन्द्रलाल कर्ण | उप-सरकारी अधिवक्ता, पुनरावेदन सरकारी वकिल कार्यालय, राजविराज । | जिल्ला सरकारी अधिवक्ता, पुनरावेदन सरकारी वकिल कार्यालय, विराटनगर । |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | | |
|---|---|---|
| २८. श्री बद्रिप्रसाद वली | जिल्ला सरकारी अधिवक्ता, जिल्ला सरकारी वकिल कार्यालय, खोटाङ । | जिल्ला सरकारी अधिवक्ता, पुनरावेदन सरकारी वकिल कार्यालय, धनकुटा । |
| २९. श्री ध्रुवकुमार भट्टराई | उप-सरकारी अधिवक्ता, पुनरावेदन सरकारी वकिल कार्यालय, जनकपुर । | जिल्ला सरकारी अधिवक्ता, जिल्ला सरकारी वकिल, कार्यालय, रौतहट । |
| ३०. श्री राधाकृष्ण उप्रेती | जिल्ला सरकारी अधिवक्ता, जिल्ला सरकारी वकिल कार्यालय, पर्सा । | जिल्ला सरकारी अधिवक्ता, जिल्ला सरकारी वकिल कार्यालय, काठमाडौं । |
| ३१. श्री विनोदमोहन आचार्य | जिल्ला सरकारी अधिवक्ता, जिल्ला सरकारी वकिल कार्यालय, काभ्रेपलाञ्चोक । | जिल्ला सरकारी अधिवक्ता, जिल्ला सरकारी वकिल कार्यालय, चितवन । |
| ३२. श्री शरदकुमार खड्का | उप-सरकारी अधिवक्ता, पुनरावेदन सरकारी वकिल कार्यालय, पोखरा । | उप-सरकारी अधिवक्ता, पुनरावेदन सरकारी वकिल कार्यालय, राजविराज । |
| ३३. श्री नरेन्द्रबहादुर थापा | जिल्ला सरकारी अधिवक्ता, जिल्ला सरकारी वकिल कार्यालय, गुल्मी । | जिल्ला सरकारी अधिवक्ता, पुनरावेदन सरकारी वकिल कार्यालय, सुर्खेत । |
| ३४. श्री कृष्णबहादुर थापा | जिल्ला सरकारी अधिवक्ता, जिल्ला सरकारी वकिल कार्यालय, प्यूठान । | जिल्ला सरकारी अधिवक्ता, जिल्ला सरकारी वकिल कार्यालय, कैलाली । |
| ३५. श्री तीलप्रसाद श्रेष्ठ | उप-सरकारी अधिवक्ता, पुनरावेदन सरकारी वकिल कार्यालय, पाटन । | जिल्ला सरकारी अधिवक्ता, पुनरावेदन सरकारी वकिल कार्यालय, इलाम । |
| ३६. श्री विनोदकुमार पोखरेल | जिल्ला सरकारी अधिवक्ता, जिल्ला सरकारी वकिल कार्यालय, भोजपुर । | जिल्ला सरकारी अधिवक्ता, पुनरावेदन सरकारी वकिल कार्यालय, महेन्द्रनगर । |
| ३७. श्री प्रेमराज कार्की | जिल्ला सरकारी अधिवक्ता, पुनरावेदन सरकारी वकिल कार्यालय, पाटन । | उप-सरकारी अधिवक्ता, पुनरावेदन सरकारी वकिल कार्यालय, हेटौंडा । |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | | | |
|---|---|---|---|
| ३८. | श्री दुर्गाबन्धु पोखरेल | उप-सरकारी अधिवक्ता, पुनरावेदन सरकारी वकिल कार्यालय, पाटन । | जिल्ला सरकारी अधिवक्ता, पुनरावेदन सरकारी वकिल कार्यालय, पोखरा । |
| ३९. | श्री शेखरचन्द्र अर्याल | जिल्ला सरकारी अधिवक्ता, जिल्ला सरकारी वकिल कार्यालय, सिन्धुपाल्चोक । | जिल्ला सरकारी अधिवक्ता, पुनरावेदन सरकारी वकिल कार्यालय, पाटन । |
| ४०. | श्री हरिप्रताप के. सी. | जिल्ला सरकारी अधिवक्ता पुनरावेदन सरकारी वकिल कार्यालय, सुर्खेत । | जिल्ला सरकारी अधिवक्ता, पुनरावेदन सरकारी वकिल कार्यालय, बाग्लुङ । |
| ४१. | श्री नारायणप्रसाद श्रेष्ठ | जिल्ला सरकारी अधिवक्ता, जिल्ला सरकारी वकिल कार्यालय, कञ्चनपुर । | उप-सरकारी अधिवक्ता, पुनरावेदन, सरकारी वकिल कार्यालय, जुम्ला । |
| ४२. | श्री ऋषिराम नेपाल | जिल्ला सरकारी अधिवक्ता, जिल्ला सरकारी वकिल कार्यालय, धनकुटा । | उप-सरकारी अधिवक्ता, पुनरावेदन सरकारी वकिल कार्यालय, धनकुटा । |
| ४३. | श्री विनोद शर्मा | उप-सरकारी अधिवक्ता, पुनरावेदन सरकारी वकिल कार्यालय, हेटौंडा । | उप-सरकारी अधिवक्ता, पुनरावेदन सरकारी वकिल कार्यालय,पाटन। |

## सूचना ५

श्री ५ को सरकारको मिति २०५३।२।१६ को निर्णयानुसार नेपाल न्याय सेवा, सरकारी वकिल समूहका राजपत्राङ्कित तृतीय श्रेणीका देहायका अधिकृतहरूलाई देहायबमोजिम सरुवा गरिएको छ ।

| क्र. सं. | नाम, थर | साविक पद र कार्यालय | हाल सरुवा भएको पद र कार्यालय |
|---|---|---|---|
| १. | श्री शङ्करराज वराल | जिल्ला सरकारी अधिवक्ता, जिल्ला सरकारी वकिल कार्यालय, मुस्ताङ । | शाखा अधिकृत, पुनरावेदन सरकारी वकिल कार्यालय, जुम्ला । |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | | |
|---|---|---|
| २. श्री गणेशबाबु अर्याल | सहायक जिल्ला सरकारी अधिवक्ता, जिल्ला सरकारी वकिल कार्यालय, चितवन। | जिल्ला सरकारी अधिवक्ता, जिल्ला सरकारी वकिल कार्यालय, मुस्ताङ। |
| ३. श्री खडानन्द गौतम | जिल्ला सरकारी अधिवक्ता, जिल्ला सरकारी वकिल कार्यालय, रोल्पा। | सहायक जिल्ला सरकारी अधिवक्ता, जिल्ला सरकारी वकिल कार्यालय, सर्लाही। |
| ४. श्री रमेशराज पोखरेल | सहायक जिल्ला सरकारी अधिवक्ता, जिल्ला सरकारी वकिल कार्यालय, सर्लाही। | जिल्ला सरकारी अधिवक्ता, जिल्ला सरकारी वकिल कार्यालय, ओखलढुङ्गा। |
| ५. श्री राजन भट्टराई | जिल्ला सरकारी अधिवक्ता, जिल्ला सरकारी वकिल कार्यालय, बझाङ। | जिल्ला सरकारी अधिवक्ता, जिल्ला सरकारी वकिल कार्यालय, मुगु। |
| ६. श्री खड्गबहादुर खड्का | जिल्ला सरकारी अधिवक्ता, जिल्ला सरकारी वकिल कार्यालय, मुगु। | जिल्ला सरकारी अधिवक्ता, जिल्ला सरकारी वकिल कार्यालय, रोल्पा। |
| ७. श्री पूर्णप्रसाद वास्तोला | शाखा अधिकृत, पुनरावेदन सरकारी वकिल कार्यालय, हेटौंडा। | जिल्ला सरकारी अधिवक्ता, जिल्ला सरकारी वकिल कार्यालय, दोलखा। |
| ८. श्री विश्वराज कोइराला | सहायक जिल्ला सरकारी अधिवक्ता, जिल्ला सरकारी वकिल कार्यालय, पर्सा। | शाखा अधिकृत, पुनरावेदन सरकारी वकिल, कार्यालय, बाग्लुङ। |
| ९. श्री रामकुमार थापा | जिल्ला सरकारी अधिवक्ता, जिल्ला सरकारी वकिल कार्यालय, रसुवा। | सहायक जिल्ला सरकारी अधिवक्ता, जिल्ला सरकारी वकिल कार्यालय, पर्सा। |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | | |
|---|---|---|
| १०. श्री टङ्कनाथ अधिकारी | जिल्ला सरकारी अधिवक्ता, जिल्ला सरकारी वकिल कार्यालय, दोलखा। | सहायक जिल्ला सरकारी अधिवक्ता, जिल्ला सरकारी वकिल कार्यालय, महोत्तरी। |
| ११. श्री मुकुन्दप्रसाद अधिकारी | सहायक जिल्ला सरकारी अधिवक्ता, जिल्ला सरकारी वकिल कार्यालय, महोत्तरी। | शाखा अधिकृत, पुनरावेदन सरकारी वकिल कार्यालय, पोखरा। |
| १२. श्री चन्द्रप्रकाश बराल | शाखा अधिकृत, पुनरावेदन सरकारी वकिल कार्यालय, पोखरा। | शाखा अधिकृत, पुनरावेदन सरकारी वकिल कार्यालय, पाटन। |
| १३. श्री शिवराज उपाध्याय | शाखा अधिकृत, पुनरावेदन सरकारी वकिल कार्यालय, पाटन। | जिल्ला सरकारी अधिवक्ता, जिल्ला सरकारी वकिल कार्यालय, रसुवा। |
| १४. श्री सूर्यप्रसाद पोखरेल | जिल्ला सरकारी अधिवक्ता, जिल्ला सरकारी वकिल कार्यालय, ओखलढुङ्गा। | शाखा अधिकृत, पुनरावेदन सरकारी वकिल कार्यालय, हेटौंडा। |
| १५. श्री ओमप्रसाद अर्याल | जिल्ला सरकारी अधिवक्ता जिल्ला सरकारी वकिल कार्यालय, जाजरकोट। | सहायक जिल्ला सरकारी अधिवक्ता, जिल्ला सरकारी वकिल कार्यालय, चितवन। |
| १६. श्री महेन्द्रनाथ उपाध्याय | जिल्ला सरकारी अधिवक्ता, जिल्ला सरकारी वकिल कार्यालय, जुम्ला। | शाखा अधिकृत, पुनरावेदन सरकारी वकिल कार्यालय, जुम्ला। |
| १७. श्री कृष्णप्रसाद पौडेल | सहायक जिल्ला सरकारी अधिवक्ता, जिल्ला सरकारी वकिल कार्यालय, बाग्लुङ। | शाखा अधिकृत, पुनरावेदन सरकारी वकिल कार्यालय, बाग्लुङ। |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | | | |
|---|---|---|---|
| १८. | श्री जयानन्द पनेरू | सहायक जिल्ला सरकारी अधिवक्ता, जिल्ला सरकारी वकिल कार्यालय, कञ्चनपुर। | शाखा अधिकृत, पुनरावेदन सरकारी वकिल कार्यालय, महेन्द्रनगर । |
| १९. | श्री लोकराज पराजुली | सहायक जिल्ला सरकारी अधिवक्ता, जिल्ला सरकारी वकिल कार्यालय, धनकुटा। | शाखा अधिकृत, पुनरावेदन सरकारी वकिल कार्यालय, धनकुटा। |

## सूचना ६

श्री ५ को सरकारको मिति २०५३।२।१६ को निर्णयानुसार नेपाल न्याय सेवा, कानून समूहका राजपत्राङ्कित द्वितीय श्रेणीका देहायका अधिकृतहरूलाई देहायबमोजिम सरुवा गरिएको छ ।

| क्र.सं. | नाम, थर | साबिक पद र कार्यालय | हाल सरुवा भएको पद र कार्यालय |
|---|---|---|---|
| १. | श्री भुपेन्द्रप्रसाद पौडेल | उप-सचिव, कानून तथा न्याय मन्त्रालय। | कानून अधिकृत, कानून तथा न्याय मन्त्रालय । |
| २. | श्री साधुराम सापकोटा | उप-सचिव, कानून तथा न्याय मन्त्रालय। | कानून अधिकृत, कानून तथा न्याय मन्त्रालय । |
| ३. | श्री मधुप्रसाद रेग्मी | कानून अधिकृत, कानून तथा न्याय मन्त्रालय। | उप-सचिव, कानून तथा न्याय मन्त्रालय । |
| ४. | श्री झमकप्रसाद शर्मा | उप-तालीम प्रमुख, न्याय सेवा तालीम केन्द्र । | कानून अधिकृत, कानून तथा न्याय मन्त्रालय। |

## सूचना ७

श्री ५ को सरकारको मिति २०५३।२।१६ को निर्णयानुसार नेपाल न्याय सेवा, कानून समूहका राजपत्राङ्कित तृतीय श्रेणीका देहायका अधिकृतहरूलाई देहायबमोजिम सरुवा गरिएको छ ।



२६९

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| क्र.सं. | नाम, थर | साबिक पद र कार्यालय | हाल सरुवा भएको पद र कार्यालय । |
|---|---|---|---|
| १. | श्री ध्रुवप्रसाद सापकोटा | शाखा अधिकृत, कानून तथा न्याय मन्त्रालय । | शाखा अधिकृत, संसदीय व्यवस्था मन्त्रालय । |
| २. | श्री प्रकाशकुमार अधिकारी | शाखा अधिकृत, नेपाल कानून सुधार आयोग । | कानून अधिकृत, कानून तथा न्याय मन्त्रालय । |
| ३. | श्री शेरजङ्ग कार्की | कानून अधिकृत कानून तथा न्याय मन्त्रालय । | शाखा अधिकृत, कानून तथा न्याय मन्त्रालय । |

आज्ञाले,
भेषराज शर्मा
उप-सचिव



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।